# चैतन्य वहुमुखी क्याम्पस, बनेपा काभ्रे
# २७ औं वार्षिक उत्सव तथा पुरस्कार वितरण समारोह
# वार्षिक प्रतिवेदन २०७५

२७ औं वार्षिकोत्सव तथा पुरस्कार वितरण समारोहका सभापति एवं क्याम्पस सञ्चालक समितिका अध्यक्ष डा. श्री सुरेन्द्र बहादुर वादे श्रेष्ठज्यू, आदरणीय सञ्चालक सदस्य तथा बनेपा न.पा. प्रमुख श्री लक्ष्मी नर सिं वादे श्रेष्ठ ज्यू, अन्य आदरणीय विधायिनी परिषद् तथा सञ्चालक समितिका सदस्यज्यूहरु, यस क्याम्पसका निर्माण समितिका पदाधिकारीज्यूहरु, प्राध्यापक, विद्यार्थी, अभिभावक, स्थानीयवासी सबैमा हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

प्रजातन्त्रको पुनर्स्थापनाको लहरसँगै वि.सं. २०४८ मंसिर १५ गते (1st Dec. 1991) मा राजधानी केन्द्रित उच्च शिक्षा ग्रामीण क्षेत्रमा पनि विस्तार गर्ने उद्देश्यका साथ जनस्तरबाट सञ्चालन गर्ने गरी त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा यस चैतन्य बहुमुखी क्याम्पसको स्थापना भएको थियो । तत्कालीन अवस्थामा उपत्यका पूर्वी भेगमै उच्च शिक्षाको क्षेत्रमा अत्याधिक माग रहेको विषयहरुलाई ध्यानमा राखी शिक्षा र कानुन संकाय सञ्चालन गर्ने गरी क्याम्पस सुरुवात भएको थियो । आज सफलताका साथ २७ वर्षे सेवा पूरा गरि वार्षिकोत्सव मनाउन गइहेका छौं । यस अवसरमा क्याम्पसलाई आजको यस अवस्थासम्म ल्याई पुऱ्याउन योगदान पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुमा क्याम्पस प्रमुखको हैसियतले र मेरो व्यक्तिगत तर्फबाट हार्दिक कृतज्ञता जाहेर गर्दै यस सम्मानित समारोहमा क्याम्पसको वार्षिक प्रतिवेदन २०७५ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. शैक्षिक अवस्था

चैतन्य क्याम्पस स्थापनाका बेला प्रवीणता प्रमाण पत्र तहमा कानुन र शिक्षा संकाय तथा स्नातक तहमा शिक्षा संकाय मात्र सञ्चालन भएका थिए । विश्वविद्यालयको नीति अनुसार कानुनतर्फ प्रवीणता प्रमाणपत्र तह विस्थापन भए पश्चात् २०७० देखि व्यवस्थापन विषयतर्फ पनि पठनपाठन विस्तार गरिएको छ । हाल यस क्याम्पसमा ०+२ तर्फ शिक्षा र व्यवस्थापन, स्नातक तहमा अंग्रेजी, नेपाली, गणित, स्वास्थ्य शिक्षा, जनसंख्या र शैक्षिक योजना तथा व्यवस्थापन गरी ७ विषयहरुमा बी.एड्. र अंग्रेजी, नेपाली, गणित, अर्थशास्त्र र शैक्षिक योजना तथा व्यवस्थापन ५ विषयमा १ वर्षे बी.एड्., व्यबस्थापनतर्फ बी.बी.एस. अनि शैक्षिक योजना तथा व्यवस्थापन, गणित शिक्षा, अंग्रेजी शिक्षा र नेपाली शिक्षा गरी ४ विषयहरुमा एम् एड् बिहानी सत्रमा सञ्चालित छन् ।

### क) विद्यार्थी भर्ना र तह उत्तीर्ण :

शैक्षिक सत्र २०७३।०७४ मा ४८३ जना अनुमान गरिएको मध्ये ४६० जना भर्ना भएका थिए । गत शैक्षिक सत्र २०७४।०७५ को लागि नयाँ विद्यार्थी भर्ना (Intake) +२ तर्फ १२५, बी.एड्. तर्फ ५५, बी.बी.एस. तर्फ ३५, एम.एड. तर्फ ७५ गरि जम्मा २९० जना र पुरानो विद्यार्थी भर्ना २३३ जना गरि जम्मा ५२३ अनुमान गरेकोमा ६१४ जना भएका थिए । चालु शैक्षिक शत्र २०७५/०७६ को लागि ०+२ समेत गरि ५५७ जना अनुमान गरिएको छ । जसमध्ये ०+२ तर्फ २८४ स्नातक र स्नातकोत्तर तहमा २९१ अनुमान गरिएको छ । हाल सम्म ०+२ मा भर्ना कार्यक्रम सम्पन्न भइसकेको छ र ०+२ मा नयाँ विद्यार्थी भर्ना १४० अनुमान गरिएकोमा १४६ जना भर्ना भएका छन् । यस्तै स्नातकोत्तर तहमा सेमिस्टर लागु भए पश्चात भने विद्यार्थी भर्ना भएका छैनन् । स्नातक तहमा भर्ना कार्यक्रम निरन्तर रहेको छ ।

गएको शैक्षिक सत्र २०७४।०७५(को मिति २०७४/०८/०९ देखि २०७५/०८/०९ सम्ममा) मा तह उत्तीर्ण गरेका मध्ये +२ तर्फ २४ जना, बी.एड्. तर्फ ४२ जना, एम.एड. तर्फ ३० जना गरि जम्मा ९६ जना विद्यार्थीहरुले तह उत्तीर्ण गरेका छन् ।

**ख) छात्रवृत्तिः**

विगतका केही वर्षदेखि यस क्याम्पसले अवलम्बन गर्दै आएको नीति अनुसार नै सामाजिक न्यायसमेतलाई ध्यानमा राखी गरीब तथा पिछडिएका वर्ग, दुर्गम, दलित जनजाति र स्थानीयवासी, जेहेन्दार विद्यार्थी आदि विविध शीर्षक अर्न्तगत जम्मा ४.५% विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्न यस वर्ष पनि रु. ३,५९,०३५/- छुट्याइएको छ ।

**ग) पुस्तकालय व्यवस्था :**

स्तरीय अध्ययन-अध्यापनका लागि समृद्ध पुस्तकालय हुनुपर्छ भन्ने अवधारणा मुताविक हरेक वर्ष पुस्तकालयलाई सुधार गर्दै लैजाने हाम्रो प्राथमिकता रहेको छ । गत शैक्षिक सत्र २०७४/०७५ मा पुस्तकालय विकासको लागि रु.३००,०००/- छुट्याइएको थियो । यस वर्ष पनि सो कार्यको निरन्तरताको लागि रु. २५०,०००/- बजेट छुट्याइएको छ ।

**घ) प्राध्यापक कर्मचारी व्यवस्था**

हाल बिहानी समयमा +२ तह, स्नातक तहमा ४ वर्षे बि.एड्., १ वर्षे बि.एड्. र ४ वर्षे बि.बि.एस्. र २ बर्षे एम्. एड् कार्यक्रमहरु सञ्चालनमा छन् । यी सबै कार्यक्रमहरु व्यवस्थापनको लागि Teaching staff ३९ जना र नन् टिचिङ स्टाफ (Non-Teaching staff) ८ जना कार्यरत छन् । कार्यरत सम्पूर्ण प्रध्यापक तथा कर्मचारी करार सेवामा रहेका छन् ।

**७. भौतिक अवस्था**

शैक्षिक गुणस्तरीयता हासिल गर्नका लागि भौतिक पूर्वाधार व्यवस्थापन पनि एउटा महत्वपूर्ण पक्ष हो । त्यसैले हामी भौतिक पूर्वाधार व्यवस्थापनलाई पनि निरन्तर प्राथमिकता दिदैं आइरहेका छौं । यसै सिलसिलामा विश्वविद्यालय अनुदान आयोग र स्थानीय निकायको सहयोग तथा आफ्नै बचत कोषबाट समेत थप गरी १-१२-१-१ को आफ्नै जग्गामा देहाय बमोजिमका ३ वटा भवन निर्माण कार्य सम्पन्न भइसकेका छन् । ती भवनहरुमा देहाय बमोजिम कक्षा कोठा प्रशासनिक कक्ष, शौचालय, सभाहल, पुस्तकालय र प्रयोगशाला रहेका छन् ।

| Building | Rooms | | Toilets/Bath Rooms | Meeting Hall | Library | Lab Room | Canteen |
|---|---|---|---|---|---|---|---|
| A (पुरानो/पूर्वको भवन) | Administrative Cabin 5 | Class room 7 | 7 | 1 | 1 | 3 | - |
| B (बिचको भवन) | 1 | Class room 5 | 12 | - | - | 3 | 1 |
| C (पश्चिम पट्टीको भवन) | Student union office 1 | Class room 10 | Toilets/Bath Rooms 4 | | | 2 | |
| Total | Administrative Cabin & Office 7 | Class room 22 | Toilets/Bath Rooms 23 | Meeting Hall 1 | Library 1 | Lab room 8 | Canteen 1 |

## ३) सामाजिक अवस्था

चैतन्य बहुमुखी क्याम्पस बनेपा र बनेपा आसपासका समुदायसँग सहकार्य तथा आपसी सहयोगमा सञ्चालित शैक्षिक संस्था हो । यस क्याम्पसले गर्ने हरेक शैक्षिक तथा विविध कार्यहरु स्थानीय समुदाय तथा संघ-संस्थाको सहयोगमै सम्पन्न गरि आएको छ । यस सन्दर्भमा क्याम्पसको भौतिक निर्माण देखि विभिन्न किसिमका बाह्य क्रियाकलापमा यहाँका समुदायसँग सहयोग र सहकार्य गरि आएको छ । यसै सिलसिलामा हरेक वर्ष क्याम्पसले रक्तदान, सरसफाई, विभिन्न सामाजिक संघसंस्थासंग सहकार्य गरि जन स्वास्थ्य, वातावरणिय संरक्षण आदिमा सामाजिक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेका छौँ ।

यस क्याम्पसको सम्बन्ध स्थानीय समुदायदेखि अन्तराष्टिय समुदायसम्म विस्तार गर्दै जाने नीति रहेको छ । यसै नीति अनुसार हामीले २०७३ मा गरेको Tracer Study पश्चात् पूर्व विद्यार्थीहरुको संगठन Alumni Association गठन गर्न चारित्रिक प्रमाण पत्र वितरण सँगै सदस्यता वितरण कार्य भइआएको छ । अर्कोतिर क्याम्पस व्यवस्थापनलाई समुदायको सहयोग परिचालन गर्न विद्यमान विधान तथा नियमावली संसोधन गरी Senate गठन कार्य सम्पन्न गरि सकेका छन् । यस्तै क्याम्पसलाई अन्तराष्टिय समुदायसम्म लैजान अन्तराष्टिय Volunteer को परिचालन गर्न सम्बन्धित निकायमा पत्राचार गरि यहि असार २६ गते (July 10) देखि त्रि.वि र नेपाल सरकार समेतको अनुमतिमा KOIKA Nepal बाट क्याम्पसमा IT प्रशिक्षण कार्यमा कोरियन स्वयसेवक परिचालनमा आइसकेको छ ।

## ४) आर्थिक अवस्था

जनस्तरबाट सञ्चालित यस क्याम्पसको सञ्चालन खर्चको लागि मुख्य स्रोत भनेको विद्यार्थी शुल्क मात्र रही आएको छ । यस्तै पूर्वाधार विकास गर्नको लागि विश्वविद्यालय अनुदान आयोग, स्थानीय निकाय तथा दातृ संस्थाको ऐच्छिक सहयोगमा निर्भर हुनु परेको छ ।

## क) मासिक शिक्षण शुल्क व्यवस्था

चैतन्य बहुमुखी क्याम्पस शैक्षिक सेवामा समर्पित गैर नाफामुखी तर आफ्नै स्रोतले सञ्चालन गर्नु पर्ने संस्था हो । त्यसैले न्यूनतम लागतमा आधारित शुल्क प्रणालीमा सञ्चालन गर्ने नीति अवलम्बन गरि आएका छौं । यसै नीति अनुरुप यस वर्ष पनि गत वर्ष कैं शुल्क दर कायम गरिएको छ । सो दर अनुसार कक्षा ११ मा मासिक शिक्षण शूल्क - रु.८५० बी.एड्./बी.बी.एस्. प्रथम वर्ष - रु.१०५० र स्नातकोत्तर प्रथम वर्ष - रु.१५०० मासिक शिक्षण शुल्क कायम गरिएको छ र कक्षा १२ मा - रु. ९००, स्नातक दोस्रो, तेस्रो र चौथो वर्षमा- रु.११०० स्नाकोत्तर दोस्रो वर्षको लागि मासिक शिक्षण शुल्क- रु.१६०० नै कायम गरिएको छ ।

## ख) बजेट तथा लेखा परीक्षण

### ०+२ तर्फको आय/व्यय

| विवरण | गत आ.व २०७४/०७५ को लेखा परीक्षण प्रतिवेदन अनुसार | चालु आ.व. २०७५/०७६ का लागि प्रस्तावित बजेट |
|---|---|---|
| आय : | | |
| विद्यार्थी शुल्क आय | 3,048,200.00 | 2842800.00 |
| अन्य आय | 705,200.00 | 2005361.00 |
| **जम्मा आय रु.** | **3,753,400.00** | **4848161.00** |
| ब्यय : | | |
| तलव तथा भत्ता | 2,855,032.00 | 2688688.00 |
| संचालन खर्च | 20,5000.00 | 1096533.00 |
| परीक्षा खर्च | 613,175.00 | 904940.00 |
| पूंजी निर्माण खर्च | 80,193.00 | 158000 .00 |
| जम्मा खर्च रु. | 3,753,400.00 | |
| यस बर्षको बचत (ऊँढा) वासलातमा सारेको | - | - |
| **जम्मा व्यय रु.** | **3,753,400.00** | **4848161.00** |

### स्नातक र स्नाकोत्तर तर्फको आय/व्यय

| विवरणँ | आ.ब २०७४/०७५ को आय व्यय | चालु आ.व २०७५/०७६ को आय व्यय |
|---|---|---|
| आय : | | |
| विद्यार्थी मासिक शिक्षण शुल्क आय | 4,991,455.00 | 4337900.00 |
| अन्य शुल्क आय | 952,125.00 | 3431135.00 |
| विश्व विद्यालय अनुदान (DLI-II/QAA) | 1,036,800.00 | 5917000.00 |
| विश्व विद्यालय अनुदान (नियमित अनदान) | 796,125.00 | 796000.00 |
| अन्य आय | 2285732.66 | 1635000.00 |
| | | |
| | | |

| जम्मा आय रु. | 10,062,237.66 | 16117035.00 |
|---|---|---|
| व्यय : | | |
| तलव तथा भत्ता | 3,051,637.25 | 4975234.00 |
| संचालन खर्च | 1177745.5 | 2894941.00 |
| परीक्षा खर्च | 911,650.00 | 1292680.00 |
| छात्रवृत्ति खर्च | 4,400.00 | 216895.00 |
| पूंजी निर्माण खर्च | 7,383,608.60 | 1179580.00 |
| गत वर्ष भएको निमार्ण खर्च सोधभर्ना | | 5557705.00 |
| जम्मा खर्च रु. | 12,529,041.35 | |
| यस बर्षको बचत वासलातमा सारेको | (2,466,803.69)* | |
| जम्मा व्यय रु. | 10,062,237.66 | 16117035** |

*यसरी आ.व. २०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन अनुसार ०+२ तर्फ रु. ३७५३४०० र स्नातक र स्नाकोत्तर कार्यक्रम तर्फ रु. १००,६२,२३७.६६ गरि जम्मा रु. १३८,१५,६३७.६६ को आम्दानी भएको देखिन्छ तर खर्च तर्फ भने विश्वविद्यालय अनुदान आयोग, उच्च शिक्षा सुधार परियोजना द्वारा स्विकृत कार्यक्रम समेतको लागि भएको रु.७३,११,४५८.६० को खर्चले जम्मा रु. १,२५,२९,०४१.३५ भइ आम्दानी भन्दा रु.२४,६६,८०३.६९ बढि खर्च भएको छ सो खर्च जगेडा कोषबाट खर्च गरि राखेको छ । यस आ. व. मा प्राप्तिको लागि नेपाल सरकार सार्वजनिक खरिद एन तथा नियमावली अनुसार गरिएको खर्च कागजात अनुदान आयोगमा कागजात बुझाइ सकेको छ ।

## HIGHER EDUCATION REFORMS PROJECT

**ANNUAL WORK PLAN 2074/075**

| SN | Description of Goods and Works | Quatation No | Estimated Cost in NPR | Suppliers Name | Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Procurement of Laptop-4, Led Projectors-2, Photocopy-2 | UGC/HERP/CMC/G/SH.-1/74/75 | 430,000.00 | Advance Computer | 429,491.97 | |
| 2 | Procurement of EMIS, Library and Accounting Software | UGC/HERP/CMC/G/SH.-2/74/75 | 175,000.00 | Green IT | 135,600.00 | |
| 3 | Procurement of Books, Journals and reference Books | UGC/HERP/CMC/G/SH.-3/74/75 | 300,000.00 | Siddhartha Books & Stationary | 195,003.00 | |
| 4 | Procurement of CC Camera (with DVR & LED)-12 and Students Attendance machine-3 | UGC/HERP/CMC/G/SH.-5/74/75 | 300,000.00 | Prime Computer Infosys | 223,300.00 | |
| 5 | Procurement of Essential Materials for Improvement in teaching and learning, Evaluation and Reporting | UGC/HERP/CMC/G/SH.-8/74/75 | 190,000.00 | Green IT / Prime Computer | 167,867.00 | |
| 6 | Construction of Bathroom, Toilets | UGC/HERP/CMC/W/SQ-1/74/75 | 650,000.00 | Moktan Mani Suppliers | 654,935.74 | |
| 7 | Construction of Classroom-2, Canteen-with 3 Rooms | UGC/HERP/CMC/W/NCB-1/74/75 | 5,672,577.86 | Dibyeswori Nirman Sewa | 5,257,756.99 | |
| 8 | Procuement of Engineering Technical Consultancy for (Designing, Estimation, control and Supervision) | UGC/HERP/CMC/CS.-1/74/75 | 250,000.00 | Chandewsori Engineering Consultancy | 247,503.90 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | 8,622,577.86 | | 7,311,458.60 | |

**आ.व. २०७५/०७६ को लागि ०+२ तर्फ ४८,४८,१६१ र स्नातक स्नाकोत्तरका लागि गत वर्षको खर्च गरिएको मा प्राप्त हुनुपर्ने भुक्तानी समेत गरि १,६१,१७,०३५ गरि जम्मा २०,९६,५,१९६ को आय/व्यय अनुमान गरिएको छ ।

**५) चुनौतीहरु**

जनस्तरबाट संचालित यस क्याम्पसको चुनौती भनेको विशेषतः प्राज्ञिक विशिष्टता (Academic Excellency) कायम गर्न आवश्यक स्रोत परिचालन, विविध नकरात्मक राजनीतिक प्रभावलाई न्यूनीकरण गर्दै सकारात्मक र प्रगतिको लागि परिचालन गर्नु, विविध कारणले स्नातक र स्नाकोत्तर तहमा निरन्तर गिर्दो विद्यार्थी भर्ना दरमा सुधार ल्याउनु र समयानुकुल प्राध्यापक कर्मचारीहरुको सेवा सुविधालाई सुदृढ गर्दै सक्षम मानव संसाधन व्यवस्थापन गर्नु प्रमुख चुनौतीको रुपमा रहेका छन् ।

उपर्युक्त चुनौती वास्तवमा हाम्रो जस्तो सामुदायिक क्याम्पसहरुमा देखिने साझा चुनौतीहरु नै हुन् । तथापि स्रोत संकलन तथा परिचालन र कार्यक्रमहरुको गुणस्तरीयता वृद्धि सम्बन्धमा समयमै सबै पक्षहरुको ध्यान केन्द्रित हुन नसके हाम्रा अपेक्षा र परिणाम बीचको खाडल निश्चित रुपमा बढ्दै जाने भएकोले समयमै संख्यात्मक तथा गुणात्मक सुधारको निमित्त ठोस रणनीतिक उपायहरु अवलम्बन गर्नुपर्ने हुन्छ । सोको लागि गत वर्षदेखि विश्वविद्यालय अनुदान आयोग अन्तर्गत गुणस्तरीयता सुनिश्चित र प्रत्यापन (QAA) प्रकृयामा क्याम्पस उन्मुख भइसकेको छ । तथापी सो QAA को लागि आवश्यक मापदण्द अनुरुप मानविय संसाधन तथा अन्य गुणस्तरीय व्यवस्थापन गर्नु भने प्रमुख चुनौती रहेको छ ।

यस क्याम्पस QAA Process का लागि योग्य सूचीमा प्रवेश भए पश्चात् अनुदान आयोगको सहयोगमा रणनीतिक योजना (२०१६-२०२०) निर्माण, Self Study Report (SSR), Tracer Study Report वार्षिक कार्य सम्पादन तथा प्रगति प्रतिवेदन (PPMF), Annual Report तयार गरी सम्बन्धित निकायमा बुझाउने कार्य सम्पन्न भइकेको छ । यस कार्यमा भएको सहयोगको लागि विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक धन्यवाद दिन चाहन्छु र निरन्तर सहयोगको समेत अपेक्षा गरेको छु ।

अन्तमा, यस वार्षिक उत्सव तथा पुरस्कार वितरण समारोह सम्पन्न गर्न आयोजित विभिन्न उप समितिमा रहनुभई योगदान पुयाउनु भएका संयोजक तथा सदस्यहरु, सहकर्मी, प्राध्यापक कर्मचारीहरुमा हार्दिक धन्यवाद सहित विभिन्न कार्यक्रमहरुमा सक्रिय सहभागी विद्यार्थी भाइबहिनीहरु, रक्तदान गर्नुहुने रक्तदाताहरु एवं विषयगत उत्कृष्ट परिणाम ल्याउन सफल सम्मानित हुन लागेका प्रध्यापकहरु, उत्कृष्ट हुने विद्यार्थीहरु सबैमा हार्दिक बधाई सहित आफ्नो कार्यव्यस्तताका बाबजुद आजको यस कार्यक्रममा उपस्थित हुनु हुने आदरणीय संचालक समिति, निर्माण समितिका पदाधिकारीहरु, अतिथि लगायत सबैमा पुनः एकपटक अभिवादनसहित यो प्रतिवेदन अन्त गर्दछु ।

धन्यवाद ।

जुजुभाइ मानन्धर
क्याम्पस प्रमुख